**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः ७** | **संख्याः ५** | **मितिः २०८०/११/३०**

## भाग – २

# बान्नीगढी जयगढ गाउँपालिका

## शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०८०

गाउँसभाबाट स्विकृत मितिः- २०८०/११/३०

राजपत्रमा प्रकाशित मितिः- २०८१/०१/०६

**प्रस्तावनाः-**

बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ सभाले बनाएको शिक्षण सिकाइ सहयोग अनुदानलाई न्यायोचित तरिकाले वितरण र व्यवस्थापन गर्न बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमन गर्ने) ऐन,२०७९ को दफा (४) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विद्यालय स्तरमा

गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले यस गाउँपालिका भित्रका माध्यमिक र आधारभूत (नि.मा.वि. र प्रा.वि.) तह संचालित शुन्य, न्यून र विषयगत दरबन्दी नभएका विद्यालयहरुको पठनपाठनमा सहयोग पुर्याउन आवश्यक देखिएकोले शिक्षण सिकाइ अनुदान कोटा सृजना ,पदपूर्ति र परिचालन गर्नका लागि शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि—२०८०, बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ सभाको मिति २०८०।११।३० मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

# परिच्छेद—१

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ

यो कार्यविधिको नाम शिक्षण सिकाइ सहयोग अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि — २०८० रहने छ । यो कार्यविधि बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ सभाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. “कार्यविधि” भन्नाले शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि — २०८० सम्झनुपर्छ ।

ख. “मा. वि.” भन्नाले कक्षा ९—१०/९—१२ संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

ग. “आधारभूत (नि.मा.वि.)” भन्नाले कक्षा ६—८ सम्म संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

घ. “आधारभूत ( प्रा.वि.)” भन्नाले कक्षा १—५ सम्म संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

ङ. “व्यस्थापन समिति” भन्नाले विद्यालयको संचालन, व्यवस्थापन र रेखदेख गर्नका लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

च. “शि.अ.संघ” भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ ।

छ. “शिक्षक छनौट समिति ” भन्नाले बान्नीगढी जयगढ गाउँपालिको शिक्षा नियमावली २०७८ को नियम ५८ को उपनियम १० बमोजिमको शिक्षक छनौट समितिलाई सम्झनुपर्दछ ।

ज. “प्रधानाध्यापक” भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

झ. “शिक्षक” भन्नाले विद्यालयमा प्रा.वि.तह देखि मा.वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

ञ. “गा. पा.” भन्नाले बान्नीगढी जयगढ गाउँपालिकालाई सम्झनुपर्छ ।

ट. “कर्मचारी” भन्नाले विद्यालयमा कार्यरत कर्मचारीलाई सम्झनुपर्छ ।

ठ. "अभिभावक" भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावलीनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

ड. "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्दछ ।

ढ. "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई जनाउँदछ ।

ण. "विषयविज्ञ" भन्नाले आधारभूत तह र माध्यमिक तहमा शिक्षक छनौट परीक्षा सञ्चालनको लागि गाउँपालिकामा सूचिकृत भएका व्यक्तिहरुलाई समेत सम्झनुपर्छ ।

त. "सम्बन्धित निकाय" भन्नाले शिक्षा सम्बन्धि कामकाज गर्ने उद्देश्यले स्थापना भएका स्थानीय, प्रदेश र संघका नियकायहरुलाई सम्झनुपर्छ ।

## ३. उद्देश्यः

बान्नीगढी जयगढ गाउँपालिका भित्रका मा.वि. र आधारभूत (नि.मा.वि.र प्रा.वि) तह संचालित शुन्य, न्यून एक र विषयगत दरबन्दी नभएका विद्यालयहरुको पठन पाठनलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि सहयोग पुर्याउन दरबन्दी सृजना, दक्ष तथा योग्य शिक्षक छनौट गर्न, सेवा, सर्त, सुविधा, काम कर्तव्य, अधिकार , पुरस्कार र सजाय सम्बन्धी प्रावधानहरु स्पष्ट गर्ने उद्देश्यले शिक्षण सिकाइ सहयोग अनुदान कोटा वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि — २०८० निर्माण गरिएको छ ।

# परिच्छेद—२

## शिक्षक अनुदान, दरबन्दी र शैक्षिक योग्यता

## ४. शिक्षक अनुदान

बान्नीगढी जयगढ गाउँपालिकाले शिक्षण सिकाइ सहयोग अनुदानको लागि छुटयाइएको रकम निम्नानुसार वितरण गर्नेछ ।

क) मा.वि. तह संचालित विद्यालयहरु मध्ये शुन्य दरबन्दी एवं शिक्षक अनुदान नपाएका विद्यालयलाई कम्तिमा २ जना र बढिमा ३ जना शिक्षकका लागि अनुदान ।

ख) मा.वि.तह संचालित विद्यालयहरु मध्ये २ दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ जना शिक्षकका लागि अनुदान ।

ग) आधारभूत तह (नि.मा.वि.) कक्षा ६—८ संचालित विद्यालयहरु मध्ये शुन्य दरबन्दी एवं शिक्षक अनुदान नपाएका विद्यालयलाई कम्तिमा २ र बढिमा ४ जना शिक्षकका लागि अनुदान ।

घ) आधारभूत तह (नि.मा.वि.) कक्षा ६—८ संचालित विद्यालयहरु मध्ये २ दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई बढिमा २ जना शिक्षकका लागि अनुदान ।

ङ) आधारभूत (प्राथमिक तह) तह १–५ सञ्चालित विद्यालयमा ४ जना भन्दा कम शिक्षक भएको र १–३ संचालित विद्यालयमा २ मात्र दरबन्दी भएकोमा बढीमा १ जना शिक्षकका लागि अनुदान ।

च) विद्यालयहरुको छनौट गर्दा तह अनुसार कम्तीमा ७५ जना र पुरै तह संचालन नभएको विद्यालयको हकमा एउटा कक्षामा १५ जना विद्यार्थी भएको हुनु पर्छ र त्यस्तो विद्यालयलाई सम्बन्धित तहको १ (एक) जना शिक्षकका लागि अनुदान ।

छ) कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा गाउँ शिक्षा समितिले निर्णय गरी अनुदान दिन सक्नेछ ।

ज) विद्यार्थी संख्या शिक्षा नियमावलीले तोकेको भन्दा बढी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयका आधारमा थप अनुदान कोटा उपलब्ध गराउन सकिनेछ ।

## ५. दरबन्दी

बान्नीगढी जयगढ गाउँपालिकाबाट प्राप्त हुने शिक्षक शिक्षण सिकाइ अनुदान संघ तथा प्रदेशबाट अनुदान प्राप्त नगर्दा सम्म वा गाउँ कार्यपालिकाले निर्णय गर्दा सम्म विद्यालयमा दरबन्दी अनुरुप रहनेछ ।

## ६. शैक्षिक योग्यता

दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित तहका लागि शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ ले तोकिए बमोजिम हुनेछ ।

## ७. उम्मेदवारको अयोग्यता

देहायका व्यक्तिहरु शिक्षकको पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन् ।

क. गैर नेपाली नागरिक,

ख. १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेको,

ग. मगज बिग्रेको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ङ भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च. सम्बन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति,

छ. अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति

तर नि.मा. र मा.वि.तहमा अंग्रेजी, गणित, विज्ञान, अर्थशास्त्र र लेखाशात्र विषयको हकमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त गरेको व्यक्तिले दरखास्त नदिएको खण्डमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको तर शैक्षिक योग्यता पुगेको व्यक्ति पनि चौथौ पटकको विज्ञापनमा उम्मेदवार हुन योग्य मानिनेछ ।

# परिच्छेद—३
## शिक्षकहरुको पदपुर्ती, नियुक्ति र काम कर्तव्य

**८. पदपूर्ति** गाउँपालिकाबाट शिक्षण सिकाइ सहयोग अनुदानको रकम अनुदान कोटाको पदपूर्ती प्रतियोगितमा शिक्षक छनौट निम्नानुसारको प्रक्रिया पुऱ्याइ छनौट गर्नु पर्ने छ ।

क. विद्यालयलाई आवश्यक पर्ने शिक्षकहरुको लागि पद संख्या, आवश्यक योग्यता, उमेर, परीक्षा हुने मिति, किसिम, स्थान सहितको विवरण खुलाई पहिलो पटक भए कम्तीमा १५ (पन्ध्र) दिन र दोस्रो पटक पश्चात ७ दिनको म्याद राखी गाउँपालिकाले विज्ञापन प्रकाशित गर्नेछ । उक्त विज्ञापन गाउँपालिकाको सूचनापाटी तथा website, सार्वजनिक स्थान र स्थानीय पत्रिकामा समेत प्रकाशित गर्नु पर्नेछ । तर विद्यालयगत अनुदान कोटालाई एकत्रित गरी सबै अनुदान कोटाको एकैचोटी पदपूर्ति हुने गरी तहगत रुपमा गाउँपालिकाबाट विज्ञापनको सूचना निकाल्न यस दफाले बाधा पार्ने छैन् ।

ख. नियम ८ (क) बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानविन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराई सफल उम्मेदवारको छनौट गरिनेछ ।

**ग. विद्यालयमा गाउँपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछः-**

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति — संयोजक

२. गाउँ शिक्षा समितिले तोकेको सम्बन्धित विषयको विशेषज्ञ — २ जना सदस्य

३. शिक्षा शाखा प्रमुख — सदस्य सचिव

४.उल्लेखित समितिमा कार्य बोझका आधारमा थप परीक्षा कर्मचारीको व्यवस्था गर्न सकिनेछ ।

घ. नियम ८ (ग) बमोजिम गठित शिक्षक छनौट समितिमा मनोनित सदस्यको पदावधि शिक्षक छनौट प्रक्रिया पुरा गरी विद्यालय समक्ष शिक्षक नियुक्तिको सिफारिस नगरे सम्म हुनेछ ।

ङ. नियम ८ को ग (३) को प्रयोजनका लागि शिक्षा शाखाले विषय विशेषज्ञको सूचि अद्यावधिक गरि राखु पर्नेछ ।

च. गाउँपालिकाको शिक्षा शाखाले प्रत्येक २ वर्षको समाप्त पश्चात विषय विज्ञको सूची अद्यावधिक गर्नेछ । तर विषय विज्ञको सूचिकृतका लागि दरखास्त नपरेको विषय मिल्ने विषयविज्ञहरुबाट परीक्षा गराउन सकिनेछ ।

छ. विषय विज्ञमा सुचिकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षकले आफ्ना शैक्षिक योग्यताका प्रतिलिपी, तालिम तथा अध्यापन अनुमती पत्रको प्रतिलिपी, स्थायी नियुक्तीको प्रतिलिपी, कम्तिमा ३ शैक्षिक सत्र स्थायी र राहत दरबन्दी तथा अनुदान कोटामा अध्यापन गरेको अनुभव पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ

साथै आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार सम्बन्धित तह र विषयको १/१ थान उत्तर कुञ्जिका सहितको प्रश्न पत्र समेत दरखास्त साथ गाउँपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

ज. विषय विज्ञद्वारा निर्मित प्रश्नपत्र माथि परीक्षा समितिका संयोजक र सदस्य सचिवलाई कुनै प्रकारको शंका लागेमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ समेत समावेश गरी, मोडरेशन गरी प्रश्नपत्रलाई अन्तिम रुप दिन सक्नेछ ।

झ. शिक्षक छनोट समितिले शिक्षक सिफारिसका लागि लिइने लिखित, प्रयोगात्मक र अन्तरवार्ता जस्ता परीक्षाको केन्द्र गाउँपालिकामा राखु पर्नेछ । तर प्राविधिक धारका लागि विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनोट गर्दा संचालन गर्नु पर्ने प्रयोगात्मक परीक्षाको केन्द्र सम्बन्धित विषयको ल्याब भएको विद्यालयमा राख्न सकिनेछ ।

ट. शिक्षक सेवा आयोगले शिक्षक छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्य विधिको पालना गर्नुपर्नेछ ।

ठ. माथिल्लो तहको विज्ञलाई तल्लो तहको विज्ञका रुपमा पनि प्रयोग गर्न सकिने छ ।

## ९. शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार नै लिखित र अन्तरवार्ताको परीक्षाको प्रश्नपत्र तयार गर्ने ।

ख. शिक्षक छनौट गर्नको लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

ग. लिखित परीक्षाको नतिजामा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट वर्णानुक्रमानुसार प्रचलित नियमानुसारको संख्यामा प्रकाशित गर्ने ।

घ. उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरे त्यतिको नाम मात्र प्रकाशन गर्ने ।

ङ. सफल र वैकल्पीक उम्मेदवारको नामावली योग्यताक्रमानुसार प्रकाशन गर्ने ।

च. सफल र बैकल्पिक उम्मेदवारहरुको जानकारी गाउँपालिकाको ध्भदकष्तभ र सूचना पाटीमा टाँस गरेर जनाउनु पर्नेछ ।

छ. शिक्षक छनौट समितिको बैठक सम्बन्धी र यस निर्देशिकामा उल्लेखित नभएका कुराहरुको हकमा थप कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

## १०. परीक्षा, संचालन, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

क. विषयगत विज्ञापन भएता पनि विषयगत र विद्यालयगत प्रतिस्पर्धा हुने गरी तहगत रुपमा सबै विषयको उम्मेदवारको परीक्षा एकैचोटि गर्न सकिनेछ ।

ख. शिक्षक छनोट समितिले लिने लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके बमोजिमको हुनेछ ।

ग. विषय विज्ञले तयार पारेका प्रश्नपत्र शिक्षक छनौट समितिका सदस्यको रोहबरमा गोप्य रुपमा फोटोकपी वा प्रिन्ट गरी परीक्षा संचालन गरिनेछ ।

घ. उत्तरपुस्तिका कोडिङ, डिकोडिङ गर्ने कार्य परीक्षा समितिका संयोजक वा सदस्य सचिवले गर्नुपर्नेछ ।

ङ. परीक्षा समितिका संयोजक र सदस्य सचिवको रोहबरमा विषय विज्ञद्वारा उत्तर पुस्तिका परीक्षण गराइनेछ ।

च. अन्तरवार्ताको अकं विभाजन शिक्षक सेवा आयोगले तोके अनुसार हुनेछ ।

छ. छनौट प्रक्रिया सम्बन्धी छनौट समितिको निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनु पर्दछ ।

ज. परीक्षा संचालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झुठा विवरण पेश गरेमा उम्मेदवारका बिच निष्पक्ष व्यवहार नगरेमा निजलाई गाउँ शिक्षा समितिमा परीक्षा समितिका संयोजक वा सदस्य सचिवको सिफारिसमा विषय विज्ञको सुचिबाट हटाउन सकिनेछ ।

## ११. परीक्षा संचालनको खर्च व्यस्था सम्बन्धमाः

परीक्षा समितिका पदाधिकारी वा विषय विज्ञले प्रश्न पत्र निर्माण, मोडरेशन, उत्तर पुस्तिका परिक्षण — सम्परीक्षण गरे वापत प्रति बैठक रु १०००।— का दरले बढि ६००० सम्म १ दिनको पारिश्रामिक र थप यातायात खर्च लिन पाउने छन भने अन्य सदस्यहरुको ३ बैठक बरारबरको १००० का दरले बढिमा ३००० पारिश्रमिक लिन पाइनेछ ।

## १२. परीक्षा आवेदन शुल्कः

परीक्षामा संलग्न हुन इच्छुक उम्मेदवारहरुले गाउँ शिक्षा समितिले तोकेको शुल्क गाउँपालिकाको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

## १३. नियुक्तिः

गाउँपालिकाको अनुदानबाट शिक्षकहरुको नियुक्ति निम्न प्रक्रिया अनुसार गरिनेछ ।

क. सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको ७ (पन्ध्र) दिन भित्र सफल उम्मेदवारले नियुक्ति लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले नियुक्ती दिनुपर्नेछ ।

ख. शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिइ एक पटकमा छ महिनाका लागि करार सम्झौता गर्नु पर्नेछ ।

ग. गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएको खण्डमा अर्को छ महिनाका लागि नियुक्तिको म्याद थप गर्न सकिनेछ । तर गाउँ कार्यपालिकाले थप करार सम्झौता नगर्ने निर्णय गरेमा करार सम्झौता पत्रको म्याद थप गर्न सकिने छैन् ।

घ. सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई गाउँ शिक्षा समितिको निर्णयानुसार स्थानान्तरण गरिनेछ ।

## १४. काम कर्तव्यः गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकहरुको काम कर्तव्य निम्नानुसार हुनेछ ।

क. विद्यालयमा नियमिति रुपमा हाजिर भई अध्यापन गर्ने ।

ख. विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ गर्ने गराउने

ग. प्रधानाध्यापकको निर्देशन अनुसारको कामकाज गर्नु पर्ने ।

घ. विद्यालयको भौतिक सम्पत्तिको संरक्षणमा सहयोग गर्ने ।

ड. विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने ।

च. विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन ।

छ. आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने ।

ज. यसमा उल्लेख नभएका कार्यहरु गाउँ शिक्षा ऐन २०७८ र गाउँ शिक्षा नियमावली २०७८ अनुसार गर्ने गराउने ।

# परिच्छेद—४

# तलब भत्ता र विदा

## १५. तलब भत्ता :

क. गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकले गाउँपालिकाले तोके अनुसारको तलब भत्ता मासिक वा त्रैमसिक रुपमा विद्यालयको खाता मार्फत उपलब्ध गराइनेछ ।

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले प्रत्येक वर्ष १ महिनाको अनुदान रकम बराबरको चाँडपर्व खर्च र नेपाल सरकारको नियमानुसार पोशाक भत्ता पाउनेछन् ।

## १६. विदाः

क. शिक्षकले वर्ष भरीमा भैपरि ६ दिन, पर्व ६ दिन, बिरामी १२ दिन र क्रिया विदा शिक्षा नियमावली अनुसार १५ दिन, सुत्केरी विदा अघि वा पछि ९८ दिन र प्रसूति स्याहार विदा १५ दिन सेवा अवधि भरिमा २ पटक पाउनेछन ।

ख. विदामा बस्नु पर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ ।

ग. विरामी विदा संचित गरे वाफत रकम उपलब्ध गराइने छैन ।

घ. विदा सहुलियत हो अधिकार होइन ।

# परिच्छेद—५

## शिक्षकको आचारसंहिता

**१७. आचारसंहिताः** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले तपसिल अनुसारको आचारसंहिता पालना गर्नु पर्नेछ ।

क. नियमित रुपमा प्रत्येक दिन तोकिएको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने ।

ख. विद्यार्थी र शिक्षक बिच मित्रवत रुपमा व्यवहार कायम गर्ने ।

ग. आफ्नो पेशा प्रति इमान्दारिता साथ विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

घ. जुन सुकै परिस्थितीमा पनि विद्यालयका गोप्य हुनु पर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन ।

ङ पद अनुसारको आचरण पालना गरेको हुनु पर्दछ ।

च. विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने, ताला बन्दी गर्ने, शारीरिक तथा मानसिक दबाव दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन समेत पाइने छैन ।

छ. विद्यालय हाता भित्र धुम्रपान , सुर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन् ।

ज. मादक पदार्थ सेवन गरी विद्यालय भित्र प्रवेश गर्न पाइने छैन ।

झ. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ ।

ञ. विदामा बस्दा विदा स्वीकृत गराएर मात्र बस्न पाइनेछ ।

ट. शिक्षक कर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचार संहिताको हकमा शिक्षा नियमावली २०५९ र शिक्षा ऐन २०२८ ले निर्दिष्ट गरेको आचारसंहिताको पालना गरेको हुनु पर्नेछ ।

# परिच्छेद—६

## सजाय, पुरस्कार, सरुवा र अवकाश सम्बन्धी व्यवस्था

**१८. सजायः**

उचित र पर्याप्त कारण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ ।

क. नसिहत दिने ।

ख. तलब रोक्का गर्ने ।

ग. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने ।

घ. निश्चित समयको लागि निलम्बन गर्ने ।

ङ. सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

**१६. नसिहत दिने:** शिक्षकले विद्यालयमा समयमा नआउने, जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय
पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ ।

**१७. तलब रोक्का गर्ने:** देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिनेछ ।

क. अनुशासनहीन काम गरेमा ।

ख. बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा ।

ग. बारम्बार विना सूचना विद्यालयमा अनुपस्थित रहेमा ।

घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा ।

ङ. विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा ।

च. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

छ. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेको प्रमाणित भएमा ।

ज. विद्यालयको गोपनियता भंग गरेमा ।

झ. यस कार्यविधि र शिक्षा ऐन र नियमावलीमा उल्लेखित आचारसंहिताको पालना नगरेमा ।

**१८. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानाजानी लापरवाही गरी प्रचलित कानुन उल्लङ्घन गरी विद्यालयलाई कुनै हानि—नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंसिक वा पूरा निजकै तलबबाट कट्टा गरी असुल उपर गरिनेछ एवं तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

**१९. निश्चित समयको लागि निलम्बन गर्ने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जाँचबुझ गर्नु परेमा निजलाई गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृतले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

## २०. सेवाबाट हटाउने वा बर्खास्त गर्ने:

१. देहायका अवस्थामा गाउँपालिका अनुदानमा नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

ख. विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी १५ (पन्ध्र) दिन सम्म अनुपस्थित भएमा ।

ग. विद्यालयलाई हानी नोक्सानी हुने गरी कार्य बारम्बार गरेमा ।

घ. पदीय रुपमा विद्यालयको गोपनियता भंग गरेमा ।

ङ. अनुशासन तथा आचरण सम्बन्धित व्यवस्था बारम्बार उल्लघंन गरेमा ।

च. नैतिक पतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।

छ. विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा ।

२. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

ख. भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा ।

ग. नोकरी पाउने उद्देश्यले झुठा प्रमाण पत्र पेश गरेमा ।

## २१. सफाईको अवसर दिनुपर्नेः

क. सजाय दिन पाउने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाकाट बञ्चित गरिने छैन । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ ।

**२२ सजाय गर्ने अधिकारीः** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन् ।

क. शिक्षकलाई चेतवनी दिने, नसिहत दिने, गयल कट्टा गर्ने - प्र. अ. ।

ख. तलब रोक्का गर्ने प्र. अ.को सिफारिसमा - शिक्षा शाखा प्रमुख ।

ग. सेवाबाट हटाउने वा बर्खास्त गर्ने विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिको सिफारिसमा — गाउँ कार्यपालिका ।

**२३.** पुरस्कारः उत्कृष्ट सिकाइ उपलब्धि हासिल हुनेगरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने र विद्यालयको व्यवस्थापनमा सहयोग पुर्याई गुणस्तरीय शिक्षाको विकासमा सहयोग पुर्याउने शिक्षकहरुलाई गाउँ शिक्षा समितिले पुरस्कृत गर्ने छ ।

**२४. सरुवा सम्बन्धि व्यवस्थाः** विद्यालयको आवश्यकता तथा सिकाइ सहजकर्ता संख्यालाई मध्येनजर राख्दै गाउँपालिकाले शिक्षण सिकाइ सहयोग अनुदान कोटामा कार्यरत शिक्षकहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

**२५. अवकास सम्बन्धि व्यवस्थाः** निम्न बमोजिमको अवस्थामा शिक्षण सिकाइ सहयोग अनुदानमा कार्यरत शिक्षक कर्मचारी अवकाश हुनेछनः-

क० शिक्षण सिकाइ सहयोग अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीले राजिनामा दिएमा

ख० खराब आचरण गरेको पुष्टी भएमा

ग० निजको मानसिक सन्तुलन ठिक नभएको प्रमाणित भएमा

घ० बिना सूचना लगातार १५ दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा

ङ० विद्यालयमा मादक पदार्थ तथा लागु औषधी सेवन गरि आएको प्रमाणित भएमा

च० विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनबाट निजको कार्यसम्पादन चित्त बुझ्दो नभएको प्रतिवेदन पेश भएमा

छ० ६० वर्ष पूरा भएमा

# परिच्छेद—७

## विविध

### २६. विविध

क. यस शिक्षण सिकाइ सहयोग अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०८० लाई समयानुसार थपघट गर्ने अधिकार गाउँ शिक्षा समितिमा रहनेछ ।

ख. यो कार्यविधि जारी भएपछि संघीय सरकार र प्रदेश सरकारबाट शिक्षण सिकाइ सहयोग अनुदान कोटा प्राप्त भई विद्यालय तहमा शिक्षक नियुक्त गर्नु परेमा यसै कार्यविधि बमोजिम गर्न सकिने छ । र ती शिक्षकका हकमा पनि यस कार्यविधिमा उल्लेख भएका कुराहरु लागु हुने छन् ।

ग. यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा गाउँ शिक्षा ऐन र गाउँ शिक्षा नियमावली बमोजिम हुनेछ तर उक्त ऐन नियमावली पनि उल्लेखका व्यवस्था शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ ।

घ. यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँ शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

ङ. यस कार्यविधि अन्तरगत भर्ना भएका शिक्षकहरुलाई विद्यालयले आफ्नो आन्तरिक स्रोतबाट थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

च. यो कार्यविधि लागु भए पश्चात यस गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान रकम निकासा कार्यान्वयन कार्यविधि, २०७६ खारेज हुनेछ र सो अन्तरगत भए गरेका कामकारबाही यसै बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

बसन्त बहादुर रावल

नि.प्रमुख प्रशासकीय अधिकृत